Bon
5/9/3

# नेपाल प्रहरी प्रधान कार्यालय

## कार्य विभाग, स्मारक गुठी

## "अच्युत - मिना अमर प्रहरी पुरस्कार" छनौट समितीको

## सूचना

पूर्व प्रहरी महानिरीक्षक श्री अच्युतकृष्ण खरेलज्यूद्वारा मिति २०७७।०६।३० गतेमा स्थापित **"अच्युत - मिना अमर प्रहरी पुरस्कार"** अमर प्रहरीका जेहेन्दार **२ जना (१ छात्र/१ छात्रा)** सन्ततीहरुलाई नेपाल प्रहरी दिवस समारोहमा प्रदान गरिने हुँदा निम्न लिखित मापदण्ड भित्र पर्ने अमर प्रहरीका सन्ततीहरुको नामावली तथा अन्य कागजातहरु यस छनौट समितिको ईमेल ठेगाना (smarakguthi@nepalpolice.gov.np) मा १५ दिन भित्र पठाउन हुन अनुरोध गरिएको छ ।

**(क) "अच्युत - मिना अमर प्रहरी पुरस्कार" तर्फः-**

**छनौट विधि**

१. कर्तव्यपालनको सिलसिलामा प्राणको आहुती दिने प्रहरी जवान, प्रहरी हवल्दार, प्रहरी सहायक निरीक्षक र प्रहरी नायव निरीक्षक पदका अमर प्रहरीका सन्ततीहरु मध्येका अध्ययनरत जेहेन्दार सन्ततीहरु मात्र सहभागी हुन पाउने ।

२. १/१ जना (छात्र/छात्रा ) गरी २ जनालाई पुरस्कार प्रदान गरिने ।

३. छनौट गर्दा कक्षा १ देखि स्नातकोत्तर सम्म अध्ययनरत अमर प्रहरीहरुका सन्ततीहरु मध्ये लब्धाङ्क पत्रको आधारमा उत्कृष्ट र जेहेन्दार छात्र/ छात्रा समावेश गरिने ।

४. छनौट भएका अमर प्रहरीका **२ जना (१ छात्र/ १ छात्रा)** सन्ततिहरुलाई रु. ३०,०००।- (अक्षरेपी तिस हजार) का दरले नगद र प्रमाण-पत्रद्वारा सम्मानित गरिने ।

**आवश्यक कागजातहरु**

१. निवेदन ।
२. नाता प्रमाणित पत्रको प्रतिलिपि ।
३. अध्ययनरत विद्यालयको अध्ययनरत तहको लब्धाङ्क प्रमाण पत्र र चारित्रीक प्रमाण पत्र ।
४. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि ।
५. अमर प्रहरीको पेन्सन पट्टाको तथा मृत्यु खाली पत्रको प्रतिलिपि ।
६. नेपाल प्रहरी स्मारक गुठीबाट अमर प्रहरी घोषित भई अमर प्रहरीमा नाम समावेश भएको हुनु पर्ने ।
७. सम्बन्धित विद्यार्थीको पासपोर्ट साईजको २ प्रति फोटो ।

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, स्मारक गुठी
"अच्युत - मिना अमर प्रहरी पुरस्कार"
छनौट समिति
मितिः- २०८२।०५।०५ गते